# बंगुर फार्मको व्यवसायिकता विकास सहयोग कार्यक्रम संचालन मापदण्ड, २०८०

(मन्त्रीस्तरीय निर्णयबाट मिति २०८०/०७/१२ मा स्वीकृत)

**प्रस्तावना:** बंगुरमा अफ्रिकन स्वाइन फिभर, क्लासिकल स्वाइन फिभर जस्ता संक्रामक एवम् महामारीजन्य रोगका कारण क्षति व्यहोरेका बंगुर फार्मको पुनरोत्थान गरी बंगुर फार्मको व्यवसायिकता विकास तथा प्रवर्द्धन गर्न "बंगुर फार्मको व्यवसायिकता विकास सहयोग कार्यक्रम संचालन" गर्ने उद्धेश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि"२०७७ , को दफा ४० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## १.० प्राविधिक पक्षः

### १.१ आवेदकको योग्यता तथा संस्था छनौट

क) आवेदक बंगुरपालक फार्म/समूह/सहकारी संस्था हुनुपर्नेछ।

ख) गत आर्थिक वर्ष वा चालू आर्थिक वर्षमा अफ्रिकन स्वाईन फिभर/क्लासिकल स्वाइन फिभर/पि.आर.आर.एस. जस्ता संक्रामक एवम् महामारीजन्य रोगबाट बंगुरहरुको मृत्यु भई क्षति पुगेका फार्मलाई प्राथमिकता दिईनेछ।

ख) कुनै रोगको निदान हुन नसकी बंगुरहरुको मृत्यु भई क्षति भएमा र गत आर्थिक वर्ष देखि खोर खाली भई व्यवसाय पुनः सुरुवात गर्न चाहने बंगुरपालक फर्म/समूह/सहकारीले समेत आवेदन दिन सक्नेछन्।

### १.२ आवेदक संस्था छनौटः

क) प्रभावित बंगुर फार्म/समूह/सहकारीले बुँदा नं. ३ बमोजिमको आवश्यक कागजात र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा क्षति भएको विवरण सहित निवेदन पेश गर्नु पर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ मा व्यवस्था भएको मूल्याङ्कन तथा सिफारिस समितिले बुँदा नं. ४ बमोजिमको मूल्याङ्कनका आधार अनुसार मूल्याङ्कन गरी संस्था छनौट गर्नेछ।

ग) सम्बन्धित कार्यालयले कृषकको खोर वा फार्ममा रहेका बंगुर, पशु उत्पादन सामग्री आदिमा रोगको परीक्षण गरी कार्यक्रम संचालन गर्न उपयुक्त हुने/नहुने यकिन गरी कार्यक्रम संचालन गर्नुपर्नेछ।

घ) कार्यक्रम संचालन गर्नु पूर्व कार्यक्रमबारे अभिमूखीकरण र बंगुरपालन तथा जैविक सुरक्षा सम्बन्धी तालिम संचालन गर्न सकिनेछ ।

## २.० आर्थिक पक्षः

क) क्षति भएको बंगुरको अनुपातको आधारमा अधिकतम ५० वटा पाठापाठी खरिदका लागि प्रति पाठापाठी बढिमा रु ४०००/- का दरले रकम उपलब्ध गराउन सक्नेछ।

ख) सम्बन्धित कार्यालयले यस कार्यक्रमको लागि विनियोजित बजेटको बढीमा दश प्रतिशत रकम फार्महरुलाई जैविक सुरक्षा सामग्री उपलब्ध गराउने र रोग परीक्षण गर्ने जस्ता कार्यक्रम संचालन गर्नको लागि खर्च गर्न सक्नेछ।

ग) कार्यक्रम संचालन पश्चात पेश हुने बिल भरपाई, कार्य प्रगति, स्पष्ट देखिने फोटोहरु र स्थलगत अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले सम्बन्धित आवेदकको बैंक खातामा रकम भुक्तानि गर्नेछ।

३.० आवेदकले पेश गर्नुपर्ने कागजातहरुः

क) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा ३( मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ख) रोग लागि क्षति भएको अवस्थामा बंगुरको वास्तविक परिमाण र क्षतिको रकम खुलेको विवरण र छरछिमेक समेतले गरिदिएको मुचुल्का।

ग) सम्बन्धित स्थानिय तह पशु सेवा शाखाले रोग निदान भएको हकमा रोगको नाम र रोग निदान नभएको हकमा सम्भावित कारण उल्लेख गरि खोर खाली भएको विवरण सहितको सफारिस।

घ) सम्बन्धित स्थानिय तह वडा कार्यालयबाट पुनर्स्थापना सहयोगको लागि सिफारिस।

४.० प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंक |
|---|---|---|
| १.० | बंगुर फार्मको क्षतिको अवस्था | २० |
| १.१ | अफ्रिकन स्वाईन फिभर/क्लासिकल स्वाइन फिभर/पि.आर.आर.एस. जस्ता संक्रामक एवम् महामारीजन्य रोगबाट बंगुरहरुको मृत्यु भई क्षति भएमा | २० |
| १.१.१ | १० वटा भन्दा बढी बंगुरको मृत्यु भएमा | २० |
| १.१.२ | ५ देखि १० वटा सम्म बंगुरको मृत्यु भएमा | १५ |
| १.१.२ | ५ वटा भन्दा कम बंगुरको मृत्यु भएमा | १० |
| १.२ | कुनै रोगको निदान हुन नसकी बंगुरहरुको मृत्यु भई क्षति भएमा | १० |
| १.२.१ | १० वटा भन्दा बढि बंगुरको मृत्यु भएको | १० |
| १.२.२ | ५ देखि १० वटा सम्म बंगुरको मृत्यु भएको | ७ |
| १.२.३ | ५ वटा भन्दा कम बंगुरको मृत्यु भएको | ५ |
| १.३ | गत आ.व. देखि खोर खाली भई व्यवसाय पुनः सुरुवात गर्न चाहने कम्तिमा ५ वटा बंगुर पालन गरेको कृषक/फार्म | ५ |
| २.० | फार्मको भौतिक पूवार्धार तथा प्राविधिक उपयुक्तता | १० |
| २.१ | पर्याप्त र उपयुक्त खोर/गोठ ,सडक, पानी, विजुली, जैविक सुरक्षा र प्राविधिक रुपमा उपयुक्त | १० |
| २.२ | बुँदा नं २.१ बमोजिम उपयुक्त खोर/गोठ र कम्तिमा कुनै २ वटा पूर्वाधारको सुविधा भएको | ७ |
| ३.० | रोजगारी सिर्जना | १० |
| घ.१ | ३ जना सम्म भएमा ५ अंक प्रदान गरी थप १ जनाको रोजगारी सिर्जना गरे बापत १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने | १० |
| ४.० | **व्यवसायिक योजना** बजार योजना लगायतका बिषयहरु ,दिगोपना ,नवीनतम सोच) | १० |

| | | |
|---|---|---|
| | तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मल्याङ्कनगरि कार्यालयले १ देखि १० अंक सम्म प्रदान गर्न सके | |
| | | ५० |